मिति: २०८१/१२/२० गते   गाउँ कार्यपालिका   बैठक नं. ४८

आज मिति २०८१।१२।२० गते बुधबारका दिन दिउँसो ०२:०० बजे यस [illegible] गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु मिति [illegible] गरी निर्णय गरियो।

<u>उपस्थिति</u>

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त वहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक वहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाख्रिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक वहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर वहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्वर वहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | |
| १६ | श्री भगवती माया माझी | सदस्य | |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम वहादुर दर्जी | सचिव | |

CamScanner

मितिः २०८१।१२।२० गते　　गाउँ कार्यपालिका　　बैठक नं. ४८

## प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. चौमासिक खर्च अनुमोदन सम्बन्धमा।
३. दुग्ध चिस्यान केन्द्र स्थापनार्थ बोलपत्र स्वीकृति सम्बन्धमा।
४. बागमती गाउँपालिकाको कृषि विकास रणनीति स्वीकृत सम्बन्धमा।
५. कानुन कार्यान्वयानार्थ विविध समिति गठन सम्बन्धमा।
६. भवन नक्सा पास एवं अभिलेखीकरण सम्बन्धमा।
७. योजना फरफारख सम्बन्धमा।
८. निर्माणाधीन १५ शैया अस्पताल लिफ्ट सम्बन्धमा।
९. नवप्रवर्तन साझेदारी कोष कार्यक्रम सम्बन्धमा।
१०. विविध १, २, ३, ४, ५ र ६

प्रमाणित

सक्कल बमोजिम

मिति: २०८१/१२/२० गते    गाउँ कार्यपालिका    बैठक नं. ४८

**निर्णयहरु**

*निर्णय नं. ०१*

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा गरिएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०२*

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा बागमती गाउँपालिकाको आ.व. ०८१।८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लिखित कार्यक्रम अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, राजश्व बाँडफाँड, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, प्रदेश सवारी कर, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान, आन्तरिक स्रोतबाट प्राप्त आय, अघिल्लो आ.व. को मौज्दात (अ.ल्या), गत विगत आ.व. को दायित्व भुक्तानी, विभिन्न गैरसरकारी संघ/संस्था सँगको समन्वय, सहयकार्य र साझेदारीमा गरिने बजेट तथा कार्यक्रमहरु लगायत गाउँपालिकामा दोस्रो चौमासिक (मिति २०८१।०८।०१ देखि २०८१।११।३० सम्म) अवधिमा प्राप्त अनुसूची-१ बमोजिमको चौमासिक आम्दानी प्रतिवेदन र अनुसूची-२ अनुसारको खर्च विवरण स्वीकृत गरी अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

प्रमाणित

*निर्णय नं. ०३*

प्रस्तावित विषय नं. ०३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को योजना "दुग्ध चिस्यान केन्द्र स्थापना" को खरिद कार्यको ठेक्का नं. BRM/NCB/GOODS/002/2081/082 (Supply & delivery, Installation & Commissioning & Test run with Operational Training of Dairy/Livestock/Agriculture Equipment's) को विनियोजित रकम रु. ३६,००,०००।०० (अक्षरेपि छत्तिस लाख मात्र) भएकोमा तीन ओटा फर्महरूबाट दररेट माग गर्दा न्यूनतम कबोल दर लाई आधार मानि लागत अनुमान तयार पार्दा विनियोजित बजेट रकम भन्दा अनुमानित लागत १२ (बाह्र) प्रतिशतले बढी देखिएकोले उक्त शीर्षकमा बजेट थप गर्ने एवं स्रोत सुनिश्चितता गर्ने अवस्था विद्यामान नरहेकोले विनियजित बजेट मुताबिक नै १२ (बाह्र) प्रतिशतले कम गरी विनियोजित रकम बराबर पारी Cost Estimate तयार गरी प्रथम पटक मिति २०८१/०८/१४ मा बोलपत्र आह्वान गरिएकोमा एक मात्र बोलपत्रदाता Ashish Dairy Equipment Trading, Biratnagar ले बोलपत्र पेश भएकोमा उक्त बोलपत्रदाताको Bid Security Period अपुग भएको कारण असफल भएकोले पुनः दोश्रो पटक मिति २०८१/१०/११ मा बोलपत्र आह्वान गरिएकोमा एक मात्र बोलपत्रदाता White Himalayan Engineering, Bharatpur भएकोमा उक्त बोलपत्रदाताको Bid Security Period अपुग तथा Bid Amount लागत अनुमान भन्दा बढी भएको कारण असफल भएकोले पुनः तेस्रो पटक मिति २०८१/११/११ मा बोलपत्र आह्वान गरिएकोमा एक मात्र बोलपत्रदाता National Refrigenerator Udhyog, Chandragiri-11, Kathmandu को संलग्न तुलनात्मक तालिका (Evaluation Report/Comparative Chart) अध्ययन गर्दा कार्यालयको लागत अनुमान रु. ३५,८५,९२९।६० (VAT समेत) को तुलनामा श्री National Refrigerator Udhyog को बोलकबोल अंक रु.३५,८०,२९१।१०/-( अक्षरेपि पैंतीस लाख असी हजार दुइ सय एकानब्बे रुपैयाँ दश पैसा मात्र VAT समेत लागत अनुमान भन्दा ०.१६% ले घटी पेश गरेको पाईयो तथा लागत अनुमान रु. ३१,७३,३८९।०३ (VAT बाहेक) को तुलनामा श्री National Refrigerator Udhyog को बोलकबोल

अंक रु.३३,५२,४७०।०० (तेत्तीस लाख बाउन्न हजार चारसय सत्तरी रुपैयाँ VAT सहित) लागत अनुमान भन्दा ५.६४% ले बढी देखियो। लागत अनुमान तयार पार्ने क्रममा भ्याट नलाग्ने Item मा समेत VAT जोडिएको रकम थप हुन गएको एवं शुरु अनुमानित लागत अनुमानमा नै १२% ले कम गरी Cost Estimate तयार पारी बोलपत्र आह्वान गरिएको तथा गाउँपालिकाबाट विनियोजित बजेटको आधारमा १२% ले कम गरी बोलपत्र आह्वान गरिएको लागत अनुमान भन्दा Bidders ले पेश गरेको कबोल रकम कम देखिएको एवं विनियोजित बजेटको परिधि भित्र नै रहेकोले श्री National Refrigenerator Udhyog, Chandragiri-11, Kathmandu ले पेश गरेको कबोल रकमलाई स्वीकृत गरी बोलपत्र स्वीकृतिको प्रयोजनार्थ आशयको सूचना प्रकाशन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०४*

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा बागमती गाउँपालिकाको कृषि तथा पशुपंक्षीको क्षेत्रमा दिगो विकासका लागि पञ्चवर्षीय कृषि विकास रणनीतिको आवश्यकता महसुस गरी चालु आ.व. २०८१।८२ मा कृषि विकास रणनीति निर्माणका लागि विनियोजित बजेटको कार्यान्वयनार्थ तयार पारिएको मस्यौदा उपर गत विगतमा सरोकारवालाहरु समेतको सहभागितामा छलफल भई सोही छलफलमा उठेका सवालहरु, सुझावहरुलाई समेत एकत्रित गरी आज बसेको गाउँ कार्यपालिकाको बैठकमा Final Report पेश हुन आएको हुँदा उक्त रणनीतिलाई स्वीकृत गरी देहायानुसार भुक्तानीको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | परामर्शदातृ संस्थाको नाम र ठेगाना | कबोल रकम (रु.) भ्याट समेत | सम्पादित कार्य | कैफियत |
|---|---|---|---|---|
| १ | श्री रुरु रेसुङ्गा कन्सल्टेन्सी प्रा.लि., बुटवल-०५, रुपन्देही। | ७,९६,६५०।०० | कृषि विकास रणनीति निर्माण | |

*निर्णय नं. ०५*

**प्रस्तावित विषय नं. ०५** माथि छलफल गर्दा बागमती गाउँपालिका मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१, बागमती गाउँपालिका मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१, बागमती गाउँपालिका अन्तर्गत नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ एवं स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को विधिसम्मत एवं प्रभावकारी कार्यान्वयनका लागि देहायानुसारका समिति गठन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

क) बागमती गाउँपालिका मकवानपुरको जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ को दफा ९ सँग सम्बन्धित,

**अनुगमन तथा निरीक्षण समिति:**

| क्र.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | फणिन्द्र कुमार निर्माल्लिना, गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| २ | झम्कनारायण घलान, लेखा अधिकृत | सदस्य | |
| ३ | दन्तलाल साँझी, पूर्वाधार विकास समिति संयोजक | सदस्य | |
| ४ | टेक बहादुर डिम्दुङ, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य | |
| ५ | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| | प्रमुख | | |
| ६ | बसन्तराज गौतम, वातावरण विज्ञ | सदस्य | |
| ७ | दिनेश बाँनिया, नदीजन्य पदार्थको कार्य गर्न तोकिएको फोकल पर्सन | सदस्य | |
| ८ | विनिता लुँईटेल, राजश्व प्रशासन उपशाखा प्रमुख | सदस्य | |
| ९ | सार्थक घिमिरे, योजना शाखा प्रमुख | सदस्य-सचिव | |

ख) बागमती गाउँपालिका मकवानपुरको जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१ को नियम ६ सँग सम्बन्धित,

**खनिज पदार्थ विकास समितिः**

| क्र.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | सर्केश घलान, गाउँपालिका अध्यक्ष | संरक्षक | |
| २ | टेक बहादुर डिम्डुङ, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | संयोजक | |
| ३ | रतन बहादुर बज्यू, पूर्वाधार विकास समिति सदस्य | सदस्य | |
| ४ | हेम बहादुर थिङ, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति सदस्य | सदस्य | |
| ५ | झम्कनारायण घलान, आर्थिक प्रशासन प्रमुख | सदस्य | |
| ६ | सार्थक घिमिरे, प्रशासन शाखा प्रमुख | सदस्य | |
| ७ | देवराज थिङ, नगर प्रहरी प्रमुख | सदस्य | |
| ८ | नर बहादुर घलान, वातावरण संरक्षण नेपाल-अध्यक्ष | सदस्य | |
| ९ | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य-सचिव | |

ग) बागमती गाउँपालिका मकवानपुरको जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१ को नियम १२ सँग सम्बन्धित,

**तथ्याङ्क एवं अभिलेख व्यवस्थापन समितिः**

| क्र.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | सार्थक घिमिरे, प्रशासन शाखा प्रमुख | संयोजक | |
| २ | झम्कनारायण घलान, आर्थिक प्रशासन प्रमुख | सदस्य | |
| ३ | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य | |
| ४ | शिशिर घिमिरे, सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन उपशाखा | सदस्य | |
| ५ | दिनेश बाँनिया, यन्त्र उपकरण व्यवस्थापन शाखा प्रमुख | सदस्य- सचिव | |

घ) बागमती गाउँपालिका मकवानपुरको जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१ को नियम १७ सँग सम्बन्धित,

**अनुगमन तथा निरीक्षण समितिः**

| क.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | फणिन्द्र कुमार तिमल्सिना, गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| २ | झम्कनारायण घलान, लेखा अधिकृत | सदस्य | |
| ३ | टेक बहादुर डिम्डुङ, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य | |
| ४ | दन्तलाल माझी, पूर्वाधार विकास समिति संयोजक | सदस्य | |
| ५ | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य | |
| ६ | विनिता लुँईटेल, राजश्व प्रशासन उपशाखा प्रमुख | सदस्य | |
| ७ | बसन्तराज गौतम, वातावरण विज्ञ | सदस्य | |
| ८ | दिनेश बाँनिया, नदीजन्य पदार्थको कार्य गर्न तोकिएको फोकल पर्सन | सदस्य | |
| ९ | नगेन्द्र महतो, रोजगार उपशाखा प्रमुख | सदस्य-सचिव | |

ङ) बागमती गाउँपालिका अन्तर्गतका नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा ११ सँग सम्बन्धित,

प्रमाणित

**उद्योग दैनिक कार्यसंचालक समितिः**

| क.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | दन्तलाल माझी, पूर्वाधार विकास समिति संयोजक | संयोजक | |
| २ | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य | |
| ३ | दिनेश बाँनिया, नदीजन्य पदार्थको कार्य गर्न तोकिएको फोकल पर्सन | सदस्य सचिव | |

च) बागमती गाउँपालिका अन्तर्गतका नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा १४ सँग सम्बन्धित,

**दररेट, ज्याला तथा पारिश्रमिक निर्धारण समितिः**

| क.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | सर्केश घलान, गाउँपालिका अध्यक्ष | संयोजक | |
| २ | फणिन्द्र कुमार तिमल्सिना, गाउँपालिका उपाध्यक्ष | सदस्य | |
| ३ | झम्कनारायण घलान, बरिष्ठ लेखा अधिकृत | सदस्य | |
| ४ | दन्तलाल माझी, पूर्वाधार विकास समिति संयोजक | सदस्य | |
| ५ | टेक बहादुर डिम्डुङ, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य | |
| ६ | भीम भुजेल, गाउँ कार्यपालिका सदस्य | सदस्य | |
| ७ | अम्बिका वि.क., गाउँ कार्यपालिका सदस्य | सदस्य | |
| ८ | रोशनबाबु पुलामी, नेपाल निर्माण व्यवसायी महासंघको स्थानीय प्रतिनिधि | सदस्य | |
| ९ | चित्र बहादुर पुलामी, उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य | |

| | | | |
|---|---|---|---|
| १० | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य | |
| ११ | दिनेश बाँनिया, यन्त्र उपकरण व्यवस्थापन शाखा प्रमुख | सदस्य | |
| १२ | बिनिता लुँईटेल, राजश्व उपशाखा प्रमुख | सदस्य-सचिव | |

छ) बागमती गाउँपालिका अन्तर्गतका नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा १२ को उपदफा (क) सँग सम्बन्धित,

**अनुगमन तथा निरीक्षण समितिः**

| क.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | फणिन्द्र कुमार तिमल्सिना, गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| २ | झम्कनारायण घलान, लेखा अधिकृत | सदस्य | |
| ३ | दन्तलाल माझी, पूर्वाधार विकास समिति संयोजक | सदस्य | |
| ४ | टेक बहादुर डिम्डुङ, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य | |
| ५ | सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य | |
| ६ | बसन्तराज गौतम, वातावरण विज्ञ | सदस्य | |
| ७ | विनिता लुँईटेल, राजश्व प्रशासन उपशाखा प्रमुख | सदस्य | |
| ८ | दिनेश बाँनिया, नदीजन्य पदार्थको कार्य गर्न तोकिएको फोकल पर्सन | सदस्य | |
| ९ | टोनी प्रकाश चौधरी, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख | सदस्य-सचिव | |

प्रमाणित

ज) स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ सँग सम्बन्धित,

**स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन समितिः**

| क.सं. | नाम, थर र पदाधिकार | समितिको पद | कैफियत |
|---|---|---|---|
| १ | फणिन्द्र कुमार तिमल्सिना, गाउँपालिका उपाध्यक्ष | संयोजक | |
| २ | भगवती माझी, गाउँ कार्यपालिका सदस्य | सदस्य | |
| ३ | दिनेश कुमार गुप्ता, जनस्वास्थ्य निरीक्षक एवं स्वास्थ्य शाखा प्रमुख | सदस्य | |
| ४ | अनिता भोलन, विद्यालय नर्स जनता मा.वि., विद्यालय सम्पर्क व्यक्ति | सदस्य | |
| ५ | रमा सापकोटा, विद्यालय नर्स देवकी मा.वि., विद्यालय सम्पर्क व्यक्ति | सदस्य | |
| ६ | नगेन्द्र महतो, महिला तथा बालबालिका शाखा | सदस्य | |
| ७ | प्रमोद कुमार राई, शिक्षा शाखा | सदस्य-सचिव | |

*निर्णय नं. ०६*

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा यस बागमती गाउँपालिकाको पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८१ को दफा १३ बमोजिम पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण गर्न ३५(पैंतीस) दिने सूचना प्रकाशन गरी सोको सहजीकरण एवं नियमन गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै गत विगतमा गाउँ कार्यपालिकाको कार्यालयले ऐ. ऐ. कार्यविधि बमोजिम भवन अभिलेखीकरणको लागि बढाईएको सबै प्रकृयालाई स्वीकृत गरी भवन अभिलेखीकरणको कार्य गर्न गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

CamScanner

मिति: २०८१।१२।२० गते        गाउँ कार्यपालिका        बैठक नं. ५८

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेटौंडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय नं. ०७

प्रस्तावित विषय नं. ०७ माथि छलफल गर्दा यस बागमती गाउँपालिकाको चालु आ.व. २०८१।०८२ को स्वीकृत बजेट तथा कार्यक्रममा स्वीकृत भई अनुगमन, प्राविधिक मूल्यांकन एवं कार्य सम्पन्न प्रतिवेदन पेश भएका तपसिलका पूर्वाधार निर्माण सम्बन्धी योजनाहरुको फरफारख तथा भुक्तानी अनुमोदन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

प्रमाणित

तपसिल

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम र सञ्चालन भएको वडा | बिनियोजित बजेट रु. | लागत अनुमान रु. | प्राविधिक मूल्यांकन रु. | अनुगमन तथा सुपरीवेक्षण भएको मिति |
|---|---|---|---|---|---|
| १ | हिलेपानी दोडटोल बस्ती बचाउ, बागमती-०५ | ३००,०००।०० | ३३३,५१६।७४ | ३२८,४४९।६८ | २०८१-०९-१६ |
| २ | स्कुलडाँडा हुँदै घिसिङटोल जाने बाटो स्तरोन्नती, बागमती-०३ | २००,०००।०० | २२०,८३०।४१ | २,१८,५४५।६८ | २०८१-०९-२१ |
| ३ | रमिते देखि लरवरे हुँदै शिखरपुर जाने स्ल्याब बाटो, बागमती-०६ | ५००,०००।०० | ५५०,१३७।९८ | ५४५,६६८।८२ | २०८१-०९-२२ |
| ४ | छतिवन पाखा अर्नादमार हुँदै रातोमाटे स्कुल जाने बाटो, बागमती-०६ | ८००,०००।०० | ८८०,५०९।७२ | ८७१,२४६।५४ | २०८१-०९-२२ |
| ५ | मिल देखि पिप्ले गाउँ जाने बाटो, बागमती-०६ | ५००,०००।०० | ५५४,०७२।६३ | ५५०,४७२।१४ | २०८१-०९-२३ |
| ६ | गोले टोल लिफ्ट खानेपानी, बागमती-०६ | ३,५०,०००।०० | ३,७८,९१३।०३ | ३,६७,१०१।२५ | २०८१-०९-२७ |
| ७ | ऋषेश्वर आ.वि. विद्यालय परिसर स्तरोन्नति, बागमती-०६ | ३,००,०००।०० | ३,००,०२८।८५ | २,९४,०६५।३८ | २०८१-०९-२७ |
| ८ | २ नं. वडा भरी खानेपानी निर्माण तथा मर्मत, बागमती-०२ | ५,००,०००।०० | ५,५४,११८।०१ | ५,४९,९७१।५६ | २०८१-०९-२५ |
| ९ | राईगाउँ क्रेन सिँचाई मर्मत, बागमती-०२ | २,००,०००।०० | १,४७,४००।०० | १,४६,३००।७४ | २०८१-०९-२५ |
| १० | पिपलदमार खानेपानी ट्याङ्की निर्माण, बागमती-०६ | २,५०,०००।०० | २,७५,४४०।८० | २,६८,४०५।०७ | २०८१-१०-११ |
| ११ | शान्ति आ.वि. घेराबार, बागमती-०६ | ४,००,०००।०० | ४,००,४१६।१४ | ३,९९,१७०।०४ | २०८१-१०-१२ |
| १२ | कामिटार सत्सङ भवन निर्माण, बागमती-०६ | ३,००,०००।०० | ३,३२,६८१।०० | ३,३२,४०४।२९ | २०८१-१०-११ |
| १३ | बेतिनी स्वास्थ्य चौकी फापरबारी सटर निर्माण, बागमती-०६ | ४,००,०००।०० | ४,४०,९४३।७५ | ४,१९,८९०।९४ | २०८१-१०-१६ |
| १४ | सीता आ.वि. वालमैत्री कक्षा व्यवस्थापन, बागमती-०६ | ३,५०,०००।०० | ३,५०,०३१।२६ | ३,४५,७७३।७० | २०८१-१०-१६ |
| १५ | देउराली स्ल्याब निर्माण, बागमती-०२ | ५,००,०००।०० | ५,५०,४८०।०१ | ५,४१,५४५।२४ | २०८१-१०-२३ |
| १६ | स्वतन्त्र विश्वव्यापी मण्डली भवन निर्माण, बागमती-०१ | ४,००,०००।०० | ४,४०,८१९।०४ | ४,२७,२६६।६५ | २०८१-१०-२६ |
| १७ | साना सिँचाई कार्यक्रम चिरुवा सिँचाई मर्मत, बागमती-०१ | ५,००,०००।०० | ५,५१,१६२।०७ | ५,४४,२५०।२८ | २०८१-१०-२६ |
| १८ | गुर्दुम सत्सङ भवन अधुरो निर्माण, बागमती-०१ | १,९९,०००।०० | २,१९,६१९।०९ | २,१०,९०९।४० | २०८१-१०-०७ |
| १९ | सरदमार तटबन्धन निर्माण मन्साई, बागमती-०७ | ५,००,०००।०० | ५,५८,५८६।३२ | ५,५३,५३८।४१ | २०८१-११-२४ |

मिति: २०८१/१२/२० गते गाउँ कार्यपालिका बैठक नं. ५८

| क्र. सं. | योजना तथा कार्यक्रमको नाम र सञ्चालन भएको वडा | बिनियोजित बजेट रु. | लागत अनुमान रु. | प्राविधिक मूल्यांकन रु. | अनुगमन तथा सुपरीवेक्षण भएको मिति |
|---|---|---|---|---|---|
| २० | जम्बु फाँट तटबन्धन मन्साही, बागमती-०७ | ३,००,०००।०० | ३,३९,००१।८५ | ३,३२,१५६।१४ | २०८१-११-२४ |
| २१ | सत्सङ भवन निर्माण पाँचपाण्डव बजारटोल, बागमती-०४ | २,००,०००।०० | २,२६,४५८।७९ | २,०८,४११।८९ | २०८१-११-०७ |
| २२ | शान्तिपुर राईटोल खुटकिलो बाटो निर्माण, बागमती-०८ | ३,००,०००।०० | ३,३३,२०४।७९ | ३,३१,१७८।३६ | २०८१-११-२७ |
| २३ | सृष्टि चर्च भवन निर्माण, बागमती-०१ | ५,००,०००।०० | ५,५१,२४५।९० | ५,२८,३८४।८५ | २०८१-११-०३ |

*निर्णय नं. ०८*

प्रस्तावित विषय नं. ०८ माथि छलफल गर्दा यस बागमती गाउँपालिकाको लागि आ.व. २०७९/२०८० मा बिनियोजित कार्यक्रम तथा बजेट अन्तर्गत १५ शैया आधारभूत अस्पताल निर्माण कार्यका लागि मिति २०८०/०२/२४ गतेमा श्री शिवालय बिल्डर्स प्रा.लि. र यस कार्यालय बीच ने.रु.१७,८८,६१,०७९।५२ (अक्षरेपि सत्र करोड अठासी लाख एकसठ्ठी हजार उनानअसी रुपैयाँ र बाउन्न पैसा मात्र) मा सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा पुगेकोमा १५ शैया अस्पताल निर्माणको उद्देश्य, सो अस्पतालबाट प्रदान गरिने सेवाको प्रकृति, सोको उपयोगिता, अवस्थिति एवं स्थानको आधारमा Bill of Quantity को आइटम नं. ५३ मा भएको लिफ्टको क्षमता आवश्यकता भन्दा कम हुन गएको भनि प्राविधिकको राय एवं सिफारिस समेत पेश हुन आएकोले तपसिल बमोजिमको लिफ्टको व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

तपसिल:

| क्र.सं. | BOQ मा भएको आइटम | साइटको आवश्यकता अनुसारको आइटम | कैफियत |
|---|---|---|---|
| १. | Passanger - 8 | Passanger - 15 | |
| २. | Capacity - 544 kg | Capacity - 1020 kg | |
| ३. | Speed - 1 mps | Speed - 0.5 mps | |
| ४. | Cabin Size - 3'6"x 4' | Cabin Size – 4'x 7' | |
| ५. | Door Size - 32" | Door Size - 32" | |
| ६. | 3 floor G+2 | 3 floor G+2 | |
| ७. | Power Supply- 400/415 volts | Power Supply- 400/415 volts | |

CamScanner

मिति: २०८१/१२/२० गते

गाउँ कार्यपालिका

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी, मकवानपुर
बागमती प्रदेश, नेपाल

बैठक नं. ५८

निर्णय नं. ०९

प्रस्तावित विषय नं. ०९ माथि छलफल गर्दा बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय हेटौंडा, नेपालको अवधारणा-पत्र पेश गर्ने सम्बन्धी सूचना अनुसार यस बागमती गाउँपालिकाको स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ एवं नवप्रवर्तन साझेदारी कोष (IPF) संचालन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ख(ट) को २० मा उल्लिखित स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नवीनतम प्रविधि तथा उपकरणहरु अन्तर्गत "कृषिमा यन्त्रिकीकरण प्रवर्द्धन तथा व्यवस्थापन" कार्यक्रम कार्यान्वयनार्थ नवप्रवर्तन साझेदारी कोष (IPF) संचालन सम्बन्धी मार्गदर्शनको बुँदा नं. ण(१) बमोजिम यस गाउँपालिकाको तर्फबाट कम्तीमा २०% वा सो भन्दा बढी अर्थात् ४० लाख बराबरको सह लगानी गर्ने प्रतिवद्धता सहित नवप्रवर्तन साझेदारी कोषबाट रु. १ करोड ५० लाख बराबरको लागानी हुने गरी जम्मा रु.१ करोड ९० लाख बराबरको परियोजना प्रस्ताव पेश गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

निर्णय नं. १०

प्रस्तावित विषय नं. १० माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायनुसार सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

१. बागमती गाउँपालिका वडा नं. ०६ स्थित लितीखोलामा स्थायी बसोबास गर्ने चतुर रानामगरले वडा कार्यालयको सिफारिस सहित दिनु भएको निवेदन मुताबिक लितिखोला गाउँमा बर्षात्‌को समयमा आवतजावत गर्न कठिनाई हुने कारण आम जनजीवन प्रभावति हुन पुगेको, विद्यार्थीहरु विद्यालयमा जान समेत सहज पहुँच नहुने भएको हुँदा बीचैमा कक्षा छोड्न बाध्य हुनुपरेको विकराल समस्याको समाधानका लागि लितीखोला कुरिनटोल झोलुङ्गे पुल बागमती-०६, मकवानपुर निर्माणका लागि योजना माग गर्नु भएको हुँदा उक्त योजना अति नै आवश्यक रहेकोले सोलाई स्वीकृत गरी सम्बन्धित निकायमा पहल गर्नुका साथै उक्त झोलुङ्गे पुलको योजना स्वीकृत भइ बजेटको व्यवस्थापन भएको खण्डमा गाउँपालिकाको तर्फबाट प्राविधिक सहयोग उपलब्ध गराउने।
२. मिति २०८१।१२।१४ गते बसेको गाउँशिक्षा समितिको निर्णय आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त निर्णय उपर विस्तृतमा जानकारी लिई आवश्यक छलफल गरी सर्वसम्मतिमा अनुमोदन गर्ने।
३. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा विनियोजित दीर्घ रोगी, गम्भिर प्रकृतिका विरामी तथा विपद्मा परेकालाई आर्थिक सहयोग खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | सन्त बहादुर थोकर | बागमती-०८ | १००००।- | |
| २ | भगवती बोलखे | बागमती-०७ | १००००।- | |
| ३ | खोम बहादुर कामी | बागमती-०६ | १००००।- | |

CamScanner

४. बागमती गाउँपालिका वडा नं. ०८ मा अवस्थित शान्तिपुर टोलमा रहेको मनकामना देवी मन्दिरको संरक्षण एवं व्यवस्थापनका लागि मन्दिर निर्माण एवं सो मन्दिर परिसरमा घेराबेरा लगाउने, प्रतिक्षालय निर्माण लगायतका कार्यहरु गर्ने प्रयोजनार्थ उक्त मन्दिर व्यवस्थापन समितिको अध्यक्षबाट वडा कार्यालयको सिफारिस पत्र समेत संलग्न गरी निवेदन माग गर्नु भएको हुँदा सोलाई मध्यनजर गर्दै चालु आ.व. २०८१।८२ मा विनियोजित बागमती गाउँपालिका अन्तर्गत मागमा आधारित मन्दिर निर्माण बजेट शीर्षकबाट खर्च हुने गरी उक्त मनाकामना देबी मन्दिरको निर्माण, संरक्षण एवं व्यवस्थापनको कार्य गर्ने।

५. बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा विनियोजित कार्यक्रम तथा बजेट अन्तर्गत प्रविधियुक्त हाइटेक नर्सरी निर्माणको लागि रु. १० लाख बजेट विनियोजन भएकोमा प्राविधिकको राय एवं सिफारिसको आधारमा वडा नं. ०६ मा अवस्थित फापरबारी कृषि सेवा केन्द्रको जग्गामा उक्त प्रविधियुक्त हाइटेक निर्माण गर्ने।

६. बागमती गाउँ कार्यपालिकाको मिति २०८१।११।२१ को निर्णयानुसार बागमती गाउँपालिकाको तर्फबाट जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा सहभागिता बातपको खर्च यकिन गरी आवश्यक बजेटको व्यवस्थापन गर्ने उल्लेख भएकोमा हाल बागमती गाउँपालिकाको खेलकुद विकास समितिले सो बापत लागेको खर्चको प्रतिवेदन पेश गरेको हुँदा उक्त प्रतिवेदनलाई स्वीकृत गरी सोही प्रतिवेदनको आधारमा सहभागिता बापतको खर्च रु.३,०७,८७०।९९ (अक्षरेपि तीन लाख सात हजार आठ सय सत्तरी रुपैयाँ उनानसय पैसा मात्र) खेलकुद प्रशिक्षण तथा विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी दिने। साथै पदक प्राप्त गर्ने खेलाडीहरुलाई समेत पुरस्कृत गर्ने निर्णय भएकोमा सोही आधारमा पदक र पदक प्राप्त गर्ने खेलाडीहरुको समेत यकिन भइ सकेको हुँदा सो बापत रु. ९६,०००।-(अक्षरेपि छयानब्बे हजार मात्र) खेलकुद प्रशिक्षण तथा विविध कार्यक्रम खर्च शीर्षकबाट नै व्यहोर्ने।